# केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## सिंहदरबार

# केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४

<u>प्रमाणीकरण मिति</u>
२०७४।६।३०
<u>प्रारम्भ मिति</u>
२०७५।५।१

संवत् २०७४ सालको ऐन नं. ३९

<u>केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

प्रस्तावना : मुलुकमा प्रचलित देवानी कानून, देवानी कार्यविधि कानून तथा फौजदारी कानून, फौजदारी कार्यविधि कानूनसँग सम्बन्धित व्यवस्थाहरूलाई संशोधन र एकीकरण गरी संहितावद्ध बनाइएका छुट्टा छुट्टै मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्था अनुरूप हुनेगरी प्रचलित नेपाल कानूनमा संशोधन, एकीकरण, समायोजन र खारेज गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४" रहको छ ।

(२) यो ऐन सम्वत् २०७५ साल भदौ १ गते देखि प्रारम्भ हुनेछ ।

३७. <u>मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधन</u> : मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ७ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई पक्राउ पूर्जी बिना पक्राउ गरिएकोमा पक्राउ परेको व्यक्ति सहित त्यस्तो पक्राउको स्वीकृतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।"

४०. <u>रूपान्तर</u> : (१) प्रचलित कानूनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रुपान्तर गरिएको छ :-

(क) "सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९को अनुसूची-१" को सट्टा "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४को अनूसूची-१।"